## देवानगञ्ज गाउँपालिकाको १५ औं गाउँसभा २०८१ असार १० गते गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूले प्रस्तुत गर्नुभएको

# आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

स्थानीय सरकार
देवानगञ्ज गाउँपालिका,
देवानगञ्ज, सुनसरी

# देवानगञ्ज गाउँपालिकाको मूलभूत नीति तथा कार्यक्रमहरु

मिति २०८१/०३/१०

**१५ औं गाउँसभामा उपस्थित सभासदस्यज्यूहरु,**

1. सर्वप्रथम देवानगञ्ज गाउँपालिकाको अध्यक्ष तथा यस सम्मानित गाउँ सभाको अध्यक्षको हैसियतले यस गाउँसभाको बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुशी लागेको छ ।
2. म यस गरिमामय गाउँसभामा देवानगञ्ज गाउँपालिकाको अध्यक्ष तथा यस सभाको सभाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/२०८२ को लागि बार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

**सभा सदस्यज्यूहरु,**

3. नेपालको ऐतिहासिक परिवर्तन तथा महत्वपुर्ण कालखण्डमा प्रजातन्त्र एवं लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि विभिन्न समयमा भएका आन्दोलन एवं समाजिक न्याय समानता तथा समृद्धिको लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियस्तर एवं देवानगञ्ज गाउँपालिका क्षेत्रका सम्पुर्ण अग्रज राजनितिक सामाजिक प्रबुद्ध बौद्धिक व्यक्तित्वहरु तथा गाउँको विकासको लागि उल्लेखनीय योगदान दिने सम्पुर्ण महानुभावहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु, साथै यस देवानगञ्ज गाउँपालिकाका पुर्व अध्यक्ष उपाध्यक्ष जनप्रतिनिधी तथा कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।
4. नेपालको संविधानले अङ्गीकार गरेको राष्ट्र तथा राज्य निर्माणको मार्गमा देवानगञ्ज गाउँपालिकाले अग्रगामी कदमहरु निरन्तर रुपमा चलायमान पार्ने प्रतिवद्धतालाई आत्मसात गर्दै स्थानीय सरकारले प्रत्याभुत गरेका सार्वजनिक सेवाहरु छिटो छरितो सर्वसुलभ तरिकाले जनस्तर माझ पुऱ्याउने कार्यको आरम्भ गरेको छ ।
5. अवको समयमा सवल सक्षम र प्रभावकारी स्थानीय तहको अवधारणालाई सार्थकता प्रदान गर्न आफ्नो ठाउँ आफै बनाऔं भन्ने मुल मन्त्रलाई हृदयङगम गर्दै यस देवानगञ्ज गाउँपालिकाको गरिमामय गाउँसभाले आ.व.२०८१/०८२ को लागि देवानगञ्ज गाउँपालिकाको नीति कार्यकम तथा बजेट तय गर्न सफल भएको छ । हिजोको केन्द्रीकृत शासन व्यवस्थाको कारण दुर दराज भनेर चिनिन पुगेको यस देवानगञ्ज गाउँपालिकाले गाउँमा सिँहदरवारको अनुभुति दिलाउने संविधानको चुनौतीपुर्ण परिकल्पनालाई सार्थकता दिने कार्यको थालनी गरेको छ ।

**सभा सदस्यज्यूहरु,**

6. गाउँपालिकाको असिमित आवश्यक्ता ,श्रोत साधनको सिमितताको कारण हामीले चाहेको वा परिकल्पना गरेको गाउँपालिकाको सवै विषयलाई संवोधन गर्न हाम्रो आर्थिक सामर्थ्यका कारण कठिनाई रहेको तथ्य सम्मानित गाउँसभा समक्ष र सभामार्फत आम आदरणिय देवानगञ्ज गाउँपालिकावासी वुवा आमा दिदि वहिनी दाजुभाइ समक्ष विनम्रतापुर्वक निवेदन गर्न चाहान्छु ।

7. समुन्नत र समृद्ध देवानगञ्ज गाउँपालिकाको निर्माणको लागि सबै विचारधाराका जनप्रतिनिधीहरु विकास साझेदार तथा सरोकारवालाहरु,स्थानीय बुद्धिजिवीहरु,पेशाकर्मी नागरिक समाज, दवाव समुदाय ,शिक्षकवर्ग, विद्यार्थीहरु, सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, दातृ निकायहरु ,अन्तराष्ट्रिय संघ संगठनहरु,श्रमिक वर्ग व्यावसायी ,जनसमुदायहरु एउटै तर विशाल पृष्ठभुमिमा उभिनुको अर्को सर्वोतम विकल्प छैन । तसर्थ देवानगञ्ज गाउँपालिकाले तय गरेको वार्षिक नीति कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सवैको आ-आफ्नो ठाउँबाट सद्प्रयासको अपेक्षा राखेको छु । अव म देवानगञ्ज गाउँपालिकाको आ.व.२०८१/२०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**सभा सदस्यज्यूहरु,**

8. कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा विकास गरी युवा जनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षण गरिनेछ । देवानगञ्ज गाउँपालिकालाई कृषि आय आर्जनको क्षेत्रको रुपमा विकास गरिनेछ । "खुसी किसान देवानगञ्जको पहिचान" भन्ने नाराका साथ कृषि क्षेत्रको चौतर्फी विकासका लागि सिचाईको लागि विद्युतीकरण तथा सिचाईको लागि मोटर वितरण कार्यक्रमलाइ यो आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

9. यस गाउँपालिकालाई पूर्ण (सत प्रतिशत) जैविक खेती गरिने पालिकाको रुपमा विकास गरिनेछ । दीर्घकालीन कृषि उत्पादन वृद्धि गर्न Organic (जैविक) खेती गर्ने किसानहरुलाई प्रोत्साहन गरिनेछ तथा Compost manure (जैविक मल) उत्पादन गर्न तालिम तथा उपकरणहरु उपलब्ध गराइनेछ ।

10. कृषिजन्य बजारलाई व्यबस्थित र थप पहिचान गरी बिस्तार गरिनेछ । कृषि विउ नि:शुल्क रुपमा उपलब्ध गराइनेछ । कृषकहरुलाई पशुपालन तथा तरकारी खेती गर्न अनुदानको व्यवस्था गरिनेछ । कृषिमा महिलाको बढ्दो भुमिकालाई प्रभावकारि बनाउन महिला कृषक लक्षित विशेष कार्यक्रम लागू गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

11. कृत्रिम गर्भधारणद्वारा पशु नश्ल सुधार अभियान चलिरहेकोले त्यसलाई थप व्यवस्थित गरिनेछ । पशु तथा पंक्षीहरुको संरक्षणको लागि चोरी शिकारीलाई निरुत्साहित गरिनेछ तथा सो कार्य गर्नेलाई कानून अनुसार कारवाहि गरिने छ । दुधको भण्डारण तथा बजारीकरणको व्यवस्था गरिनेछ ।

12. कृषियोग्य जमीनहरुको माटो परीक्षण गरी माटो सुहाउँदो बाली लगाउन कृषकहरूलाई प्रोत्साहन गरिनेछ । माटो परीक्षण प्रयोगशाला बनाउन पहल गरिनेछ । कृषि क्षेत्रको व्यवसायिकरण, गुणस्तर परीक्षण, अनुगमन र नियमनको क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक,युवा, उद्यमी, प्राविधीक तथा विज्ञहरूको क्षमता विकास गर्दै लगिनेछ । अखाद्य वस्तुको उत्पादन तथा बजारिकरणलाई निरूत्साहित गर्न नियमन कार्यलाई प्रभावकारी बनाईनेछ । जीवनाशक विषादी, भेटेरेनरी औषधी, एन्टिबायोटिक, हर्मोनको सही उपयोग गर्न र यसका नकरात्मक असरबाट बच्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

13. कृषि उत्पादनको उचित भण्डारण गर्न शीत भण्डार निर्माण कार्य जारी रहेकोमा सो कार्यलाई सम्पन्न गरि सञ्चालनमा ल्याइनेछ । तरकारी zone लाई Superzone बनाउने पहल गरिनेछ र यस क्षेत्रबाट तरकारी बजारीकरण तथा व्यवस्थापन गर्न विषेश पहल गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

14. देवानगञ्ज गाउँपालिकाको सौन्दर्यीकरणमा विशेष जोड दिइने छ । यसको लागि गाउँपालिकाको सौन्दर्य बढाउने फूलका बोटहरु घरका गेट, सडकका दायाँ बायाँ फूल तथा वृक्षारोपण कार्यलाई विशेष जोड दिइने छ ।

15. आन्तरिक पर्यटनको सम्भावना अध्ययन गरी पर्यटन क्षेत्रलाई विकास गरिनेछ । दिगो आर्थिक विकासको संवाहकको रूपमा पर्यटन क्षेत्रलाई प्राथामिकताको साथ विकास गरिनेछ ।

16. यस पालिका अन्तर्गतका सबै मठ मन्दिरहरुको नियमन तथा अनुगमन गर्नको लागि देवानगञ्ज गाउँपालिका अध्यक्षको संयोजकत्वमा एउटा समिति गठन गरि सम्पूण मठ मन्दिरहरुको आर्थिक क्रियाकलाप पारदर्शी गरिनेछ । परम्परागत कला तथा संस्कृतिको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

17. देवानगञ्ज गाउँपालिका भरीका सम्पूर्ण सार्वजनिक पोखरीको संरक्षण एवंम सौन्दर्यीकरण गरिनेछ । कला साहित्य तथा पत्रकारिताको माध्यमबाट पर्यटन क्षेत्रको प्रचार प्रसार तथा विकास गर्न साहित्य तथा पत्रकारिता क्षेत्रको संघसंस्थाहरूसँग समन्वयमा थप जोड दिईनेछ । सामी कार्यकमको लागि संघ सरकार संग साझेदारी गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

18. परम्परागत सीप तथा स्थानीय स्रोत साधनमा आधारीत घरेलु तथा साना उद्योगलाई संरक्षण सम्वर्द्धन गर्दै आधुनिकिकरणमा जोड दिईनेछ । पिछाडिएका गरिब तथा विपन्न नागरिकमा उद्यमशीलता सिर्जना गरी लाभमुलक स्वरोजगारी सिर्जना गर्न जोड दिइनेछ । उपलब्ध साधन, स्रोत तथा आर्थीक विकासको प्रतिफलको न्ययोचित वितरण गरिनेछ ।

19. वाणिज्य क्षेत्रको विकासमा सरकारी, सहकारी तथा निजी क्षत्रको सहभागितालाई प्रवर्द्धन गरिनेछ । कालाबजारी गर्ने,कृत्रिम अभाव सिर्जना गरी उपभोक्ता आतंङ्कित गर्ने, प्रतिस्पर्धा नियन्त्रण गरि एकाधिकार कायम गर्ने कार्यको अन्त्य गरी व्यवसायिक क्षेत्रमा व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्न समय समयमा बजार अनुगमन गरिनेछ ।

20. गरिबी निवारणका लागि लघु-उद्यम विकास कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरि नागरिकहरुलाई उद्यमशिल तथा व्यवसायिक बनाउँदै लगिनेछ ।

**सभा सदस्यज्यूहरु,**

21. "एक वडा एक नमुना विद्यालय" को नारा सहित हरेक वडामा कम्तीमा एउटा अंग्रेजी माध्यमबाट पठन पाठन हुने नमुना तथा सुविधा सम्पन्न विद्यालय तथा गुणस्तरिय शिक्षकको व्यवस्था गरिनेछ ।

22. उच्च शिक्षामा भर्ना भई अध्ययन गर्ने विपन्न र दलित छात्रालाई वार्षिक रु. ५ हजार छात्रावृद्धि प्रदान गरिनेछ । विद्यालयमा, जातजाति, भाषा, लिङ्ग, धर्म, एच.आइ.भी. सङ्क्रमित लगायत कुनै पनि आधारमा गरिने विभेदलाई पुर्णत:निषेध गरिनेछ । सो गर्नेलाई कानून अनुसार कारवाही गरिनेछ । बाल विकास केन्द्रहरूलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गरी बाल विकास केन्द्र मार्फत कक्षा १ मा भर्ना हुने दरमा बृद्धी गरिनेछ ।

23. विद्यालय जाने उमेरका बालबालिकाको शतप्रतिशत भर्ना दर कायम गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन् गरिनेछ । जीवनोपयोगी तथा सिपयुक्त शिक्षा प्रदान गर्न विद्यालय शिक्षाको स्तरोन्नति गर्ने, प्राविधिक शिक्षालाई प्रोत्साहित गर्ने, विद्यालय, धार्मिक प्रकृतिका गुरुकुल, मदरसाहरुलाई सवलीकरण तथा प्रोत्साहन गर्दै लगिनेछ ।

24. विद्यालयहरुमा छात्राहरुको लागि संचालित "Iron तथा Folic Acid" खुवाउने कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । विद्यालयहरुमा छात्राहरुको लागि वितरण गरिने "Sanitary pad" लाई थप गुणस्तरिय बनाइनेछ तथा वितरण प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

**सभा सदस्यज्यूहरु,**

25. विद्यालयहरूमा खानेपानी व्यवस्था सहज बनाईनेछ । सबै आधारभुत बिद्यालयमा बालमैत्री पुस्तकालयको ब्यबस्था गरिनेछ । विद्यालय तथ्याङ्क व्यवस्थापन गरिनेछ । विद्यालय नर्सिङ्ग कार्यक्रमलाई क्रमिक रूपमा सबै माध्यमिक विद्यालयमा लागु गरिनेछ ।

26. शिक्षक तालिमको व्यवस्था गरिनेछ । बालबालिकाको चौतर्फि विकासको लागि पालिका स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलापको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

27. सबै सामुदायिक विद्यालयमा अति शिघ्र विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गरि सक्रिय बनाइनेछ तथा समितिको क्षमता अभिबृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।

28. सबै सामुदायिक विद्यालयले असोज भित्र सामाजिक परीक्षण (Social Audit) गरिसक्नु पर्नेछ । Social Audit नगरेमा विद्यालयको खाता रोक्का गरी आर्थिक कारोबार बन्द गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

29. विद्यालय परिसर भित्र सुर्तिजन्य पदार्थको सेवनलाई निरुत्साहित गर्न विद्यालयको वरपर १०० मिटर भित्र सुर्तिजन्य पदार्थ बेचबिखन गर्न पूर्ण रुपले रोक लगाइनेछ । सो गरेको खण्डमा कडा कारबाहि गरिनेछ । विद्यालय तथा अरु सार्वजनिक संस्थाको परिसर भित्र सुर्तिजन्य तथा मादकपदार्थ सेवन गर्ने शिक्षक, कर्मचारी, जनप्रतिनिधिलाई नियमानुसार कडा कारवाही गरिनेछ ।

30. स्कुलको गुणस्तर र विद्यार्थी संख्या नियमित रुपमा अनुगमन गरिनेछ । अनुगमन गर्दा थोरै विद्यार्थी भएका विद्यालयहरुलाई नजिकको विद्यालयहरुमा गाभिनेछ । कक्षा १० मा अध्यनरत सामुदायिक विद्यालयका विद्यार्थिहरुको लागि शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ । निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालयमा भौतिक सुबिधा बिस्तार कार्यक्रमलाई आवाश्यकता र सुचाङ्कको आधारमा व्यवस्थित गरिनेछ ।

31. विद्यालयहरुमा विद्यार्थी तथा शिक्षकहरुको E-Attandance गर्ने व्यवस्था मिलाइनेछ । जीवनोपयोगि सीपमुलक शिक्षा र प्रविधीयुक्त शिक्षामा जोड दिई दक्ष जनशक्तिको विकास गरिनेछ । "दिवा खाजा" कार्यक्रमलाई अनुगमन गरी थप व्यवस्थित तथा गुणस्तरिय बनाइनेछ ।

32. शिक्षा संग सम्बन्धित कार्य गर्ने गैरसरकारी संघ संस्थाहरु संग समन्वय गरी यस गाउँपालिकाको शैक्षिक विकासमा एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षकको

कार्यसम्पादनलाई बिद्यार्थीको सिकाई उपलब्धि संग जोड्ने नीतिलाई कार्यन्वयन गरिनेछ।

**सभा सदस्यज्यूहरु,**

33. प्रत्येक वडामा सुचना तथा सञ्चारलाई प्रभावकारी वनाउन तथा नागरिकहरूको चेतना वढाउन एक वडा एक पुस्तकालय खोल्न प्रोत्साहान गर्ने नीति अवलम्वन गरिने छ ।
34. मातृभाषाका पाठ्यसामाग्री तथा शिक्षकहरुको विकास गरी मागबमोजिम बहुभाषिय शिक्षाका अवसरहरू विस्तार गरिनेछ । सुचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहान गर्न आवश्यक पुर्वाधारको व्यवस्था गरिनेछ । सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा थप सुधार गरिनेछ ।
35. विद्यालय कक्षाहरु अपाङ्गमैत्री बनाउन पहल गरिनेछ । सबै विद्यालयहरुमा छात्रामैत्री शौचालय बनाइनेछ । प्रत्येक विद्यालयमा तह अनुसार शिक्षक प्रोत्साहन कार्यक्रम संचालन गरि उत्कृष्ट शिक्षकलाई सम्मान तथा पुरस्कार वितरण गरिनेछ । युवाहरुको लागि लोक सेवा तयारी कक्षा संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

36. नेपालको संविधान २०७२ ले प्रत्याभूति गरे बमोजिम आधारभूत स्वास्थ्य सेवामा सहज सुलभ र समान पहुँचको सुनिश्चितता प्रदान गरिनेछ ।
37. स्वास्थ्य सेवाको पहुँचबाट बाहिर रहेका महिला, बालवालिका, बिपन्न, दलित, सीमान्तकृत र पिछडिएका जातजातिहरूलाई लक्षित गरी सम्बन्धित संघसंस्थाहरूको समन्वय र सहयोगमा एकिकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरी आधारभुत स्वास्थ्य सेवा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।
38. स्वास्थ्य चौकीमा नि:शुल्क पाइने औषधिको वितरण प्रणालिलाई सुदृढ गरिनेछ । स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको स्तर अभिबृद्धि गरी सेवा प्रवाहलाई प्रभाबकारी बनाइनेछ ।

**सभा सदस्यज्यूहरु,**

39. 'क' र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिको स्वास्थ्यकर्मीद्धारा घरमा गई स्वास्थ्य परीक्षण गरिने व्यवस्था मिलाईने छ । देवानगञ्ज गा.पा. वडा नं.३ मा सञ्चालनमा रहेको Birthing Center लाई थप व्यवस्थित गरी स्वास्थ्यकर्मी सहित २४ घण्टा नै सेवा दिने व्यवस्था गरिनेछ । आयुर्वेद औषधालय कप्तानगञ्ज बाट दिइने सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ ।
40. स्वस्थ्य शरीर, सकरात्मक सोच र व्यक्तित्व विकास गर्नका लागि ध्यान र योग जस्ता कार्यक्रममा जोड दिइनेछ । प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र

पुनःस्थापनामूलक सेवाहरूलाई प्राथमिक स्वास्थ्य सेवाको रूपमा सञ्चालन गरिनेछ ।

41. खोपको मात्रा पुरा गरी पूर्ण खोप सुनिस्चितता गाउँपालिका घोषणा गरिनेछ । खोप केन्द्र तथा गाउँघर क्लिनिकलाई थप व्यवस्थित गरिने छ तथा प्रत्येक वडाका स्वास्थ्य संस्था मार्फत सेवा विस्तार गरिनेछ । स्वास्थ्य संस्थामा प्रोटोकल अनुसार जाँच गराउन आउने गर्भवती महिलाहरूका लागि सुत्केरी पोषण कार्यक्रम संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

42. देवानगगञ्ज गाउँपालिका अन्तर्गतको देवानगञ्ज स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालमा गाभी सेवा विस्तार गरिनेछ । यस गाउँपालिकाको लागि स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भई आएको दश शैयाको आधारभूत अस्पताल निर्माण कार्य तदारुक्ताको साथ गरिनेछ र यसै आर्थिक वर्षमा MBBS, MD डाक्टर को नियुक्ति गरी २४ घण्टे सेवा संचालन गरिनेछ । स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक तालिमको ब्यवस्था गरिनेछ ।

43. बालबालिकामा हुन सक्ने कुपोषणलाई न्यूनिकरण गर्न पोषण कार्यक्रमलाई व्यवस्थित तथा सुदृढिकरण गरी कुपोषण मुक्त पालिका बनाइनेछ । सूर्तीजन्य पदार्थमा नियन्त्रण गर्नुका साथै मदिरा उत्पादन र बिक्रि बितरणलाई प्रभावकारी रूपमा नियमन गरिनेछ । स्वास्थ्य सेवा अन्तर्गत विपन्न र अपाङ्गहरुको लागि स्वास्थ्य विमाको व्यवस्था मिलाइनेछ ।

**सभा सदस्यज्यूहरु,**

44. स्वच्छ एवम् गुणस्तरीय खानेपानीको आपुर्तीलाई ब्यवस्थित गर्न पुराना खानेपानी योजनाहरूको दिगो संरक्षण, सार्वजानिक स्थानमा ट्युववेल, धारा जडान गरी पर्याप्त खानेपानीको आपुर्तीको व्यवस्था मिलाइनेछ । खानेपानीको सहि प्रयोग तथा सरसफाइ सम्बन्धि जनचेतनामूलक कार्यक्रमलाई जोड दिइनेछ । संघिय सरकारको तराई मधेश खानेपानी सुधार कार्यक्रम अन्तरगत यस गाउँपालिकामा खानेपानी आयोजना निर्माणका लागि पहल गरिनेछ ।

45. गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त तुल्याउने कार्यक्रम सञ्चालन गरिनेछ । "आफ्नो ठाउँ आफै सफा गरौं" अभियानका लागि निजि क्षेत्र संग समेत सहकार्य गरिनेछ । फोहोरमैलाको उचित व्यवस्थापनको लागि फोहोर फाल्ने क्षेत्रको पहिचान गरिनेछ । गाउँपालिका भित्रका सबै बजार क्षेत्रमा सार्वजानिक शौचालयको निर्माण गरिनेछ ।

46. खुला दिशामुक्त अभियानलाई अझै बिस्तार गरी खुला दिशामुक्त घोषणा पश्चात सरसफाइ कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । खानेपानी तथा सरसफाइ

निर्माण र उपयोगमा वातावरण मैत्री एवम् जलवायु परिवर्तन अनुकुलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

47. सबै वडामा खानेपानी टंकि निर्माण गर्न खानेपानी कार्यालय संग समन्वय गरी खानेपानी व्यवस्थापन सहज गर्न पहल गरिनेछ ।

48. समाजमा विद्यमान कुरीतिको रूपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा बिचलन ल्याउने सवै प्रकारका व्यबहारहरुलाई निरुत्साहित गरिनेछ । सामाजिक छुवाछुत र भेदभावलाई पूर्ण रुपमा निर्मूल गरिनेछ ।

49. सामाजिक विभेद, छुवाछुत घरेलु हिंसा, दाइजो, बोक्सी प्रथा जस्ता कुसंस्कार र अमानविय क्रियाकलापहरू विरुद्ध सामाजिक सचेतना अभियान चलाइनेछ । बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक र बहुआयामिक विशेषताको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।स्वच्छता, पारदर्शिता, र राष्ट्रिय हित तथा एकताका आदर्शलाई प्रवर्द्धन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

50. फरक क्षमता भएका नागरिकहरूलाई उनिहरूको शारिरिक क्षमता र बौद्धिक क्षमताका आधारमा आत्मनिर्भर बन्न सक्ने सीप र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। आपसि कलह, झैझगडा तथा द्वन्द्व न्यायिक समिति मार्फत समाधान गरिनेछ । राज्यका विभिन्न अङ्गहरु संग समन्वय गरी शान्तिसुव्यवस्था कायम गरिनेछ ।

51. महिला विरुद्ध हुने सबैं प्रकारका हिंसा,शोषण, विभेद र वहिष्करणको अन्त्य गरिने छ । महिलाहरूको राजनैतिक, आर्थिक, सामाजिक, तथां सांस्कृतिक अधिकारहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

52. विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिका तथा अन्य संघसंस्थाहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा महिलाहरुको सक्रिय सहभागिता सुनिश्चत गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

53. महिलाहरुको सीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ । लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दवाबपुर्वक मिलाउने कार्यलाई निरुत्साहित  गरिनेछ ।

54. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवम् उनिहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजाने नीति लिइनेछ । अपाङ्गताको प्रकृति हेरी

उपयुक्त सीपमुलक तालिम प्रदान गरि रोजगारी अवसरहरुमा पहुँच बिस्तार र स्वरोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

55. अपाङ्गता भएका व्यक्तिहरुलाइ सहज सेवा सुविधा पुऱ्याउन अपाङ्ग मैत्री भौतिक संरचना बनाउने र भइरहेका संरचनाहरुको सुधार गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र सचेतनामुलक कार्यहरु सञ्चालन गरिनेछ । अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यहरुलाई निरन्तरता दिइनेछ ।

56. २० वर्ष उमेर पुगेका विपन्न तथा दलित किशोरीहरुको विवाह गर्दा रु. १० हजार विवाह खर्च प्रदान गरिनेछ । सबै किसिमका बालअधिकारहरू र आधारभुत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभुतिका लागि कानूनि एवम् संस्थागत व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

**सभा सदस्यज्यूहरु,**

57. बालबालिका तथा किशोर किशोरी उपर हुने सबै प्रकारका हिंसा र दुर्व्यहारहरुलाई उन्मुलन गर्ने नीति लिइनेछ । बालबालिकाहरुको जन्मदर्ता लाई अनिवार्य गरी प्रारम्भिक बाल विकास प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

58. बालबालिकाको शारिरिक, मानसिक एवम् व्यक्तित्व विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । बालमैत्रि स्थानीय शासनको अवधारणालाई संस्थागत एवम् विस्तार गर्ने नीति लिइनेछ । बालक्लब, सञ्जाल, सञ्चालन र परिचालनका लागि सहयोग पुऱ्याइनेछ । यस देवानगञ्ज गाउँपालिकालाई बाल बिबाह मुक्त गाउँपालिकाको रूपमा बिकास गर्न पहल गरिनेछ ।

59. दुर्व्यसन एवं कुलत जस्ता असामाजिक क्रियाकलापबाट युवाहरूलाई मुक्त गर्न सम्बन्धित क्षेत्रगत निकायहरू र गैर सरकारी संस्थाहरूसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । युवाहरुलाई कुलत तथा आत्महत्या गर्नबाट निरुत्साहित गर्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

60. युवाहरुलाई रोजगारी, स्वरोजगारी सिर्जना एवम् उद्दमशिलता वृद्धि गर्न लक्षित तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । समाजमा विद्यमान गरिबी अशिक्षा, छुवाछुत, जातिय विभेद, लैङ्गिक हिंसा तथा अमानविय कार्यहरुको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकायहरु,गैरसरकारी संस्थाहरुसगको समन्वय तथा सहकार्यमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

61. विकास कार्यक्रम, मानविय सेवा,वातावरण संरक्षण र विपद् व्यवस्थापनमा युवाशक्तिलाई परिचालन गरिनेछ । सबैकालागि खेलकुदको अवधारणाअनुरुप खेलकुद प्रतियोगिता सञ्चालन गरनेछ । खेलकुद सम्बन्धी पूर्वाधार निर्माण कार्यलाई

प्राथमिकता दिइनेछ । पर्यटकीय तथा परम्परागत खेलकुद प्रतियोगिताहरुलाई प्रोत्साहन गरिनेछ ।

62. खेलकुदका हरेक क्षेत्र र स्तरमा महिला सहभागिता बढाउन प्रोत्साहन गरिनेछ । अध्यक्ष कप खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

63. ज्येष्ठ नागरिकहरुको सामाजिक पहिचान,सम्मान एवम् सामजिक सुरक्षामा विशेष जोडदिने नीति लिइनेछ । ज्येष्ठ नागरिलाई उपलब्ध गराइने रकम भत्ता बैंकिङ्ग प्रणालि मार्फत गरिरहेकोमा यसलाई अझ व्यवस्थित गर्दै लगिनेछ । ज्येष्ठ नागरिकहरुको लागि राज्यबाट प्रदान गर्ने यातायात, स्वास्थ्यजस्ता सेवा सुविधामा अग्राधिकार दिने र यस्तो अग्राधिकारको सुविधा उपल्बध गराउन निजि क्षेत्रलाई पनि प्रोत्साहित र निर्देशित गरिनेछ ।

64. गैरसरकारी संस्थाहरुलाई ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । ज्येष्ठ नागरिकका ज्ञान,सीप सल्लाह,सुझाव र अनुभवलाई सम्पतिको रुपमा लिइनेछ । ज्येष्ठ नागरिकहरुलाई स्वस्थ्य जीवनका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । गाउँपालिका भरिका सम्पुर्ण ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक कार्ड वितरण गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

65. आगामी आर्थिक वर्षभित्र गरिव घर परिवार पहिचान कार्य सम्पन्न गरिनेछ, गरिव लक्षित कार्यकमहरु एकिकृत रुपमा सञ्चालन गरिनेछ । पहिचान गरिएका गरिवहरुको निशुल्क विमा गरिनेछ ।

66. बैदेशिक रोजगारलाई रोजगार केन्द्रमार्फत समन्वय र सहजिकरण गरिनेछ ,वैदेशिक रोजगारमा जान चाहने नागरिकलाई निशुल्क बैङ्क खाता खोल्ने र सोहि खातामार्फत विप्रशेषण गाउँपालिकामा ल्याउन प्रोत्साहन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका नागरिकका सीप तथा व्यवसायिक दक्षताको आधारमा उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्न " रिटर्नी उद्यमशीलता कार्यकम " कार्यन्वयनमा जोड दिइनेछ ।"

67. बेरोजगार तथा अर्धबेरोजगार युवाहरुलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

68. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । गरिबी घटाउन प्राकृतिक स्रोत साधनको सन्तुलित व्यवस्थापन तथा उपयोगमा जोड दिइनेछ । गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय गरिनेछ ।

69. विकास आयोजना सञ्चालन गर्दा श्रममुलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । गरिबहरुको संख्या एकिन गर्न संघिय सरकारले सञ्चालन गर्ने गरिब घरपरिवारको पहिचानको कार्य गरिने छ । यो परिचयपत्र वाहकहरुको लागि क्षमता अभिवृद्धि,पूजिँगत अनुदान तथा रोजगारी दिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

70. देवानगञ्ज गाउँपालिकालाई हरित गाउँपालिकाको रुपमा विकास गर्न घर नक्सा पास गर्दा अनिवार्य २ बोट रुख रोप्नैपर्ने नीतिको कार्यान्वयन गरिनेछ ।

71. यस पालिका अन्तरगतको मुल सडकहरुको किनाराबाट १० फिट शाखा सडकहरुबाट ८ फिट र गल्ली सडकहरुमा ५ फिट छोडि घर बनाउनु पर्नेछ । DPR भएका बाटोहरुलाई प्राथमिकतामा राखी पक्कि सडक निर्माणमा जोड दिइनेछ ।

72. गाउँपालिकाका सडकहरुको नियमित सञ्चालन र मर्मत सम्भारको लागि मर्मत कोषको परिचालनलाई व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । सडक सम्पत्ति संरक्षण,मर्मत सम्भार एवम व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

73. सातैवटा वडामा कालोपत्रे सडक विस्तार गरिनेछ । विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित एवम् कारवाही गरिनेछ । सडक निर्माण गर्दा संरचना निर्माण,स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाइनेछ । बाढिका कारण क्षतिग्रस्त भएका सडक, कल्भर्ट, पुल आदिको पुनः निर्माणमा जोड दिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

74. विकासका दृष्टिले पछाडि परेका वडाहरुलाई प्राथमिकता दिदै सन्तुलित वातावरण अनुकूल,गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्दै लगिनेछ । स्थानीय पूर्वाधार निर्माणका लागि न्यूनतम मापदण्ड निर्धारण गरी सो को पालना गर्ने व्यवस्था गरिनेछ ।

75. निर्माणमा प्रयोग हुने सामाग्री, निर्माण गरिने समय र त्यसमा संलग्न हुने जनाशक्तिको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिनेछ ।

76. सबै जनतालाई विद्युत सेवामा पहुँच पुर्‍याई विद्युत सेवा सहज रुपमा उपलब्ध गराउन ग्रामिण विद्युतीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

77. घरायसी उर्जाको रुपमा दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, इन्डक्सन चुलो तथा इन्फारेड चुलो वितरण गरिनेछ ।

78. बजार क्षेत्र तथा आवश्यक ठाउँमा पोलबत्ती जडान तथा बिस्तारलाई प्राथमिकता दिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

79. वन पैदावार तथा सम्पदामा आधारित उद्योग व्यवसायको विकास तथा विस्तारका लागि सार्वजनिक-सामुदायिक-निजी-सहकारी क्षेत्रको साझेदारीका माध्यमबाट लगानी प्रवर्द्धन गरिनेछ । भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ ।

80. वातावरण मैत्री तथा जलवायु परिवर्तन अनुकुलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

81. प्रत्येक वडामा वडाअध्यक्षको संयोजकत्वमा वडास्तरीय विपद् व्यवस्थापन समिति र गाउँपालिका अध्यक्षंको संयोजकत्वमा एउटा गाउँपालिकास्तरीय विपद् व्यस्थापन समिति गठन गरि कार्य गरिरहेकोमा यस आ.ब.मा पनि निरन्तरता दिइनेछ । गाउँपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन भएकोले सो लाई व्यवस्थित गर्दै लगिनेछ ।

82. विपद्सम्बन्धी तथ्य, तथ्याङ्कहरुलाई व्यवस्थित गर्ने एकीकृत सूचना केन्द्रको विकास गर्दै योजना, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरुमा विपद्का कारण हुन सक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

83. सामाजिक शान्ति कायम गरि नागरिकको जीउज्यान सम्पतिको रक्षा गर्नु गाउँपालिकाको पनि जिम्मेवारी भएको हुँदा गाउँपालिकाद्वारा गापा प्रहरीको व्यवस्थापन गरि समुचित परिचालनमा जोड दिइने छ ।

**सभा सदस्यज्यूहरु,**

84. प्रकोप व्यवस्थापनलाई किफायती बनाउन जैविक तथा स्थानीय ज्ञान/प्रविधिको समेत उपयोग गरिनेछ । विपद् व्यवस्थापनको कार्यमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबीच समन्वय र सहकार्यलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिनेछ ।

85. विपद् व्यवस्थापन न्यूनीकरणको विषयमा व्यापक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । जुनसुकै पूर्वाधार निर्माणका आयोजना सञ्चालन हुनुपूर्व त्यसबाट हुने प्रकोप जोखिम मूल्याङ्कन गरी जोखिम न्यूनिकरणका उपाय अनिवार्य रुपमा अबलम्बन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । विपद् प्रतिकार्य योजना निर्माण गरी लागु गरिनेछ । विपदसँग जुध्नका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

86. देवानगञ्ज गाउँपालिकाको अधिकार क्षेत्र भित्र रहेका सहकारीहरुको सम्बन्धित शाखाबाट नियमित नियमन तथा अनुगमन गरी व्यवस्थित गर्दै लगिनेछ । देवानगञ्ज गाउँपालिका भित्रको सम्पूर्ण सहकारीहरुलाई आधुनिकरण र व्यवस्थित गर्न तालिम तथा कार्यकमहरु सञ्चालन गरिनेछ ।

87. सबै सहकारीलाई कोपोमिस (CoPoMIS) सफ्टवेरमा आबद्ध गरिनेछ । सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ । सहकारीसंस्था सम्बन्धी कानूनहरुको तर्जुमा गरिनेछ । प्रत्येक नागरिकहरुलाई सहकारीमा आबद्ध हुन प्रोत्साहन गरिनेछ । उत्पादन र रोजगारीमा आबद्ध सहकारीलाई पुरस्कृत गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

88. नीती, बजेट र कार्यक्रमको अन्तरसम्बन्ध स्थापित गर्दै वस्तुगत मापदण्डका आधारमा स्रोत प्रक्षेपण प्रभावकारी बनाइनेछ । आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फर्छ्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ । लेखाङ्कन प्रणालीलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने प्रणालीको स्थापना संथागत गरिनेछ ।

89. यस पालिकाबाट हुने सम्पूर्ण खरिदका कार्यहरु गापाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिनेछ । E-Tendering खरिद प्रक्रियालाई प्राथमिकतामा राखिनेछ ।

90. बजेट-कार्यक्रम र खरिद योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रभावकारी बनाइनेछ । नागरिक पारदर्शिताका लगि रु.पाँच लाख भन्दा बढीका आयोजनाहरुको सम्पन्न पश्चात योजना सम्बन्धी विवरण अनिवार्य रुपमा होर्डिङ बोर्ड राख्नुपर्ने नीति लिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

91. देवानगञ्ज गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुको संगठन संरचना नेपाल सरकारबाट जारी भए अनुरुप भइरहेकोमा समय अनुकुल परिमार्जन गर्दै लगिनेछ ।

92. देवानगञ्ज गाउँपालिकाको कार्यालयमा विभिन्न शाखा, इकाइहरु, सेवा केन्द्रहरुमा गाउँपालिकाले निर्माण गरेको संगठन संरचना दरवन्दी तेरिजको आधारमा कर्मचारी व्यबस्थापन गर्दै लगिनेछ, आवश्यक परेको खण्डमा शंसोधन गरि लागु गरिनेछ । कार्यालयभित्र हुनसक्ने अनियमितता तथा भ्रष्टाचारलाई रोक्न शुन्य सहनशिलताको नीतिलाई निरन्तरता दिइनेछ ।

93. कर्मचारीको मनोबल उच्च बनाई नतिजामुखी कार्यको लागि प्रोत्साहन गरिनेछ । देवानगञ्ज गा.पा. कृषिका महत्वपूर्ण क्षेत्र रहेको हुँदा कृषि तर्फका कर्मचारीको व्यवस्थापन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

94. कर्मचारीको काम प्रति बढी जिम्मेवार बनाउनका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मान गरिनेछ । सेवाग्राहीको अधिकार सम्बोधन गर्ने क्षतिपूर्ति सहितको श्रव्य दृश्य प्रविधिमा आधारित नागरिक बडापत्र सरोकारवालको परामर्श र सहभागितामा तयार गरिनेछ ।

95. कर्मचारीको क्षमता अभिवृद्धिका लागि समय समयमा आवश्यक तालिम तथा प्रशिक्षण दिइनेछ । आन्तरिक पर्यटन विकासको लागि कर्मचारीहरुलाई पर्यटन भ्रमण काजको व्यवस्थापन गरिनेछ । "Digital Dewanganj" बनाउने अभिभारा सहित "हाम्रो देवानगञ्ज" App जारी गरी सम्पूर्ण सेवाहरु Mobile App बाट दिने व्यवस्था मिलाइनेछ ।

**सभा सदस्यज्यूहरु,**

96. गाउँपालिकामा जडान गरिएको CCTV र वडा कार्यालयहरु समेतमा जडान गरिएको Digital हाजिरी प्रणालीलाई पारदर्शी र थप व्यवस्थित गरिनेछ । साथै CCTV प्रणाली वडा कार्यालय तथा विषयगत शाखाहरुमा समेत विस्तार गरिनेछ ।

97. देवानगञ्ज गाउँपालिकाका कानूनी सलाहकार मार्फत गाउँपालिका भित्रका नागरिकहरुलाई निशुल्क कानूनी परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

98. सूचना प्रविधिको युगको रुपमा रहेको वर्तमान विश्व परिवेश अनुरुप गाउँपालिका र यसका वडाहरुको कार्यप्रणाली र अभिलेखहरुलाई कम्प्युटर पद्धतिमा रुपान्तरण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त र छरितो गरिनेछ ।

99. गाउँपालिकाको सम्पूर्ण क्रियाकलापहरुलाई पत्रपत्रिका, सूचनापाटी, वेभसाइट तथा डिजिटल नोटिस बोर्ड मार्फत सार्वजनिकरण गर्ने कार्यलाई संस्थागत गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अभिलेख Online System मार्फत भईरहेकोमा यसलाई संस्थागत गरिनेछ । विद्युतीय शासन अवधारणाको प्रवर्द्धनमा जोड दिइनेछ ।

100. सेवाग्राहीहरुलाई परेको गुनासो तथा पीरमर्का सुनी त्यसको तत्काल समाधान गर्न गुनासो तथा पीरमर्का सुन्ने व्यवस्था गरिनेछ । गाउँपालिकालाई प्रविधिमैत्री बनाउँदै

लैजानका लागि कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

101. गाउँपालिकाको चोक-चोकमा Free WiFi को सुविधा दिने व्यवस्था मिलाइनेछ । गाउँपालिका बाट आह्वान हुने ठेक्का online भइरहेकोमा यसलाई संस्थागत गरिने छ । यस गाउँपालिका भित्र रहेका सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुमा इन्ट्रानेट स्थापना गरी सि.सि.टि.भि क्यामरा, ओ.पि. फोन, इन्टरनेट तथा विभिन्न सफ्टवेरहरुलाई केन्द्रीकरण गरि केन्द्रमा आफ्नै सरभर स्थापना गरि सेवा प्रवाह गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

102. सार्वजनिक सेवालाई थप प्रभावकारी, पारदर्शी तथा नागरिकमैत्री बनाउन डिजिटल नोटिस वोर्ड तथा डिजिटल नागरिक वडापत्र स्थापना गरिनेछ ।

103. राजस्व परार्मस समितिको क्रियाशिलता बढाइनेछ । राजस्व सुधार कार्ययोजना, प्रदेशसंगको सहकार्य र तथ्याङ्कहरुको अध्यावधि गर्ने कार्यलाई जोड दिइनेछ । कर दाता मैत्री सेवा तथा करदाताहरुलाई पुरस्कृत गरिनेछ ।

104. गाउँपालिकाको आन्तरिक राजस्वलाई वृद्धि गर्न सम्भाव्य स्रोतहरुको पहिचान गरी राजस्वको वार्षिक प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । गैरकर राजस्वका नयाँ क्षेत्रहरु पहिचान, विद्यमान करका दरहरुको पुनरवलोकन र संशोधन गरी कर संकलन गर्दै लगिनेछ । राजश्व सुधार योजना निर्माण गरी लागु गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

105. गाउँपालिकाभित्र रहेका सबैलाई करको दायरामा ल्याई राजस्व वृद्धि गरिनेछ । देवानगञ्ज उद्योग वाणिज्य संघ लगायत अन्य संघ-संस्थाहरुसंग समन्वय गरी व्यवसाय करको दर निर्धारण गरिनेछ । विद्युतिय माध्यमबाट कर तथा राजस्व संकलन भई रहेकोमा यसलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

106. सहमति सहकार्य, सामुहिक भावना तथा प्रतिवद्धताबाट यस नीति तथा कार्यक्रमका अन्तरनिहित उद्धेश्यहरु हासिल गर्न सकिन्छ भन्ने विश्वास गाउँपालिकाको रहेको छ । गाउँपालिकाको आवश्यक्ता, कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि,रोजगारी सिर्जना छिटो छरितो गुणस्तरीय सार्वजनिक सेवा प्रवाह,सामाजिक सुरक्षा आर्थिक आत्मनिर्भताको विषयलाई प्राथमिकतामा राखी प्रस्तुत यस नीति तथा कार्यकमको सबल कार्यान्वयनम गाउँपालिकालाई सवैबाट सकृय सार्थक र सिर्जनशिल सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

107. अन्त्यमा गाउँपालिकाको विकासमा योगदान दिने नागरिक समाज, राजनितिक दल राष्ट्रसेवक कर्मचारी, निजी,सहकारी र सार्वजनिक क्षेत्र सञ्चार जगत लगायत मुलुक

भित्र तथा बाहिर रहनुभएका सम्पूर्ण नेपाली बुवा आमा दिदि बहिनी तथा दाजुभाईलाई सवल सक्षम समृद्ध न्यायपूर्ण गाउँपालिका निर्माणमा आ-आफ्नो ठाउँबाट योगदान गर्न आह्वान गर्दछु ।

अभिवादन / नमस्कार!!!